का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १७२
❐ २३ साउन २०७८, शनिबार
❐ 7 August 2021, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-


# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# प्रधानमन्त्रीमाथि अंकुश !

संभवत: पहिलो पटक गठबन्धन सरकारको झल्को दिनेगरी सत्तारुढ दलहरुले न्यूनतम साझा कार्यक्रम र कार्यविधि प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाइएको छ । प्रधानमन्त्रीय प्रणाली रहेको मुलुकका कार्यकारी प्रमुखले अब गठबन्धन दलहरुले तयार पारेको निर्देशिकाको आधारमा काम गर्नुपर्नेछ ।



*सत्तारुढ दलका प्रतिनिधि सम्मिलित कार्यदलद्वारा तयार पारिएको संयुक्त सरकारको साझा नीति तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाउँदै । तस्वीर: रासस*

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

पाँच वर्षे स्थीर सरकारको नेतृत्व गरेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको बहिगर्मन पछि गठबन्धनको सरकार बनेको छ। नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा पाँच दलीय गठबन्धन सरकार बनेको तीन साता बितेको छ। यो तीन सातामा प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् समेत बिस्तार गर्न सकेका छैनन्। २९ असारमा प्रधानमन्त्री नियुक्त देउवाले ६ सदस्यीय मन्त्रिपरिषद्को नेतृत्व गर्दै आएका छन् ।

मन्त्रिपरिषद्मा ढिलाइ हुनुको कारण भने गठबन्धनका नेताहरुबीच सहमति जुट्न नसक्नु हो। अर्थात् गठबन्धन सरकारको झल्को प्रधानमन्त्री देउवाले दिइसकेका छन्। जस्तो- प्रधानमन्त्रीय प्रणाली कायम रहेको मुलुकमा सरकार सञ्चालनका निम्ति न्यूनतम साझा कार्यक्रम बनाइएको छ । यसको अर्थ प्रधानमन्त्री देउवाले गठबन्धनको झल्को दिनेगरी सरकारको काम गर्नुपर्नेछ । शुक्रबार मात्रै न्यूनतम साझा कार्यक्रम र कार्यविधि प्रतिवेदन प्रधानमन्त्री शेरबहादुर देउवा लगायत शीर्ष नेतृत्वलाई हस्तान्तरण गरेको छ । कार्यदलले प्रधानमन्त्री निवास बालुवाटारमा उक्त प्रतिवेदन शुक्रबार प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीलाई हस्तान्तरण गरेको हो । संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम नाम दिइएको उक्त प्रतिवेदनमा संयुक्त सरकारका प्राथमिकतालाई समावेश गरिएको कार्यदलका सदस्यसचिव केशवराज जोशीले बताए ।

> संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम नाम दिइएको उक्त प्रतिवेदनमा संयुक्त सरकारका प्राथमिकतालाई समावेश गरिएको कार्यदलका सदस्य सचिव केशवराज जोशीले बताए ।

सदस्य सचिव जोशीका अनुसार, प्रतिवेदनमा कोभिड-१९ बाट उत्पन्न महाविपत्तिबाट मुक्ति, राष्ट्रिय हितको सम्बर्द्धन, सङ्घीयताको कार्यान्वयन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, शान्ति सुरक्षाको प्रत्याभूति, सुशासन र सदाचार, शान्ति प्रक्रियाको पूर्णता, आर्थिक नीति तथा कार्यक्रम, सामाजिक रुपान्तरण, तत्कालीक राहत पुनःनिर्माण तथा पुनःस्थापना, पर्यावरणीय सन्तुलन र अन्तर्राष्ट्रिय सम्बन्धलगायतलाई प्राथमिकता दिइएको छ ।

सरकारको प्रमुख प्राथमिकता कोरोना रोकथाम र नियन्त्रण रहेको छ । प्रतिवेदनमा सो कुरालाई मुख्यरुपमा समेटिएको छ। गठबन्धनलाई कसरी दिगो बनाउने भन्ने विषय पनि प्रतिवेदनमा समावेश गरिएको जोशीले बताए। प्रधानमन्त्री देउवा नेतृत्वको सरकारमा मन्त्रीले पालना गर्नुपर्ने आचारसंहितालाई समेत प्रतिवेदनमा समावेश गरिएको छ। सरकार सञ्चालन गर्न १० बुँदे कार्यविधि बनाइएको सदस्यसचिव जोशीले बताए । प्रधानमन्त्री देउवालगायत शीर्ष नेतृत्वले अध्ययन गरेपश्चात सो प्रतिवेदनबारे चाँडै विस्तृतरुपमा सार्वजनिक गरिने बताइएको छ ।

नेपाली कांग्रेसका महामन्त्री पूर्णबहादुर खड्का संयोजक रहेको सात सदस्यीय कार्यदलले उक्त प्रतिवेदन तयार पारेको हो । प्रतिवेदन हस्तान्तरण कार्यक्रममा संयोजक खड्कासहित कांग्रेस नेता डा मीनेन्द्र रिजाल र रमेश लेखक, माओवादी केन्द्रका वर्षमान पुन र देव गुरुङ, जसपाका नेता राजेन्द्र श्रेष्ठ र महेन्द्र राय यादव तथा कार्यदलका सदस्यसचिव जोशीको उपस्थिति थियो ।

# अडिए माधव समूह, एकतामा जोड



प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा जाने अड्कलबाजीलाई अन्त्य गर्दै पार्टी एकतालाई जोड दिने निर्णय गर्दै नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूहको केन्द्रीय कमिटी बैठक सकिएको छ । विभाजनको घोषणा नै गर्लान् कि भन्ने आशंका बीच यो समूहको बैठकले भने एकताको विकल्प समेत नरहेको सन्देश दिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूहले एकतामै जोड दिने निर्णय गरेको छ। आफू निकट केन्द्रीय कमिटी बैठकबाट पार्टी एकतालाई जोड दिने निर्णय गरेको हो। २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएपछि यो समूहको केन्द्रीय कमिटी बैठक पहिलो पटक बसेको हो। बैठकले अन्तिम अवस्थासम्म पार्टी एकतालाई जोड दिने निर्णय गरेको छ।

बैठकले स्थायी कमिटी सदस्य रघुजी पन्तले दश बुँदे लगायत सहमति कार्यान्वयन गर्दै एकताको आधार तयार गर्नु निर्णय गरेको छ। बुधबार र बिहीबार चलेको केन्द्रीय कमिटी बैठकपछि पन्तले भने, "पार्टीलाई एकताबद्ध बनाउने दिशातर्फ सजजताका साथ अघि बढ्न आवश्यक छ।" एकताको लागि थप पहल गर्ने जिम्मेवारी भने स्थायी कमिटीलाई दिने निर्णय गरेको छ।

यो समूह पार्टी एकताकै पक्षमा भएपनि अविश्वासको कारण संभव नभइरहेको पन्तले बताए। बैठकले दश बँदे सहमति कार्यान्वयन गर्न दुवै पक्ष संयम हुनुपर्ने निर्णय गरेको छ। "लाञ्छना लगाउने काम रोक्नुपर्छ। विचार व्यक्त गर्दा सम्पूर्ण पार्टी पंक्ति संयम र जिम्मेवार हुन आवश्यक छ" , बैठकले निर्णय गरेको छ। केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै माधव नेपालले पनि एकताको विकल्प नरहेको बताएका छन्। तर सम्मानजनक एकताको पक्षमा रहेको बताए।

एमालेको एकता जोगाउन दश बुँदे सहमति जुटेपनि विवाद हल हुन सकेको छैन। २७ असारमै दश बुँदे सहमति जुटेपनि अध्यक्ष केपी शर्मा ओली र नेता नेपाल आ-आफ्नो अडानमै छन्। बिहीबार नेता समूहको केन्द्रीय कमिटी बैठक सकिएको छ भने ओलीले आइतबार केन्द्रीय कमिटी बैठक बोलाएका छन्।

अध्यक्ष ओली समूहले भने यसअघि पनि केन्द्रीय कमिटी बैठक राखिसकेको छ। यसपछि स्थायी कमिटी बैठक पनि भएको छ। बैठकले भदौमा विधान अधिवेशन गर्ने र मंसिरमा महाधिवेशन गर्नेगरी विभिन्न प्रस्ताव तयार पारेको छ। ती प्रस्तावहरु केन्द्रीय कमिटीमा लैजाने तयारी पनि भएको छ। शुक्रबार पनि स्थायी कमिटी बैठक बसेको छ। बैठक पछि नेता प्रदीप ज्ञवालीले विधान अधिवेशनमा पेश गरिने विधान मस्यौदाका लागि आवश्यक सुझाव लिने कार्य गरिएको बताए।

संघीय संरचनानुकूल विधान बनाउन पार्टीका अध्यक्ष केपी शर्मा ओलीले छलफल प्रारम्भ गरेको ज्ञवालीले बताए। ओलीले भदौको २७ र २८ गते विधान अधिवेशन तय गरेको छ। असोजको पहिलो साताभित्र पालिकास्तरका कमिटीको अधिवेशन सम्पन्न गर्ने कार्यतालिका सार्वजनिक गरेको छ। सो अघि यही साउन २४ गते केन्द्रीय कमिटीको बैठक डाकिएको छ।

# ठाकुर समूहको समानान्तर अभियान

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

पार्टी एकता भएको वर्ष दिनभित्रै विभाजित भएको जनता समाजवादी पार्टी (जसपा) का महन्थ ठाकुरले समानान्तर गतिविधि शुरु भएको छ। शुक्रबार ठाकुर समूहले प्रदेश २ का चार जिल्लामा बिस्तारित बैठक गरेको छ। बैठकका निम्ति शीर्ष नेताहरु आफै पुगेका छन्। सत्परी, सिरहा, महोत्तरी र बारामा यो समूहको बिस्तारि बैठक भएको छ।

सप्तरीमा राजेन्द्र महतो, केशव झा, वृषेशचन्द्र लाल र राजीव झाले बैठक राखेका छन्। सिराहामा अनिकुमार झा, सुरेन्द्र झा, उमाशंकर अरगरिया र जयनुल राइन पुगेका थिए। महोत्तरीमा महन्थ ठाकुर, शरतसिंह भण्डारी र निर्जला राउतले बैठक राखे भने बारामा लक्ष्मणलाल कर्ण, जितेन्द्र सोनल, बाबुलाल साह र रमेश पटेल सहभागी भएका थिए। यी जिल्लाहरुमा गरिएको बिस्तारित बैठकको ब्यानर भने जसपाकै नामबाट राखिएको छ। "जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला- महन्थ ठाकुर (अध्यक्ष)" नाम दिएर यो समूहले बैठक राखेको छ।



जनता समाजवादी पार्टी (जसपा) को वैधानिकता अध्यक्ष उपेन्द्र यादवलाई निर्वाचन आयोगले दिएपछि महन्थ ठाकुर समूहले भने जसपाकै नाममा समानान्तर गतिविधि शुरु गरेको छ ।

यो समूहका नेताहरुका अनुसार, बाँकी जिल्लाहरुमा पनि बिस्तारित बैठक राखेर कार्यक्रम गर्ने तय भएको छ। सत्तारुढ केन्द्रीत

बाँकी पृष्ठ २ मा

# सदनमा वैदेशिक रोजगारबारे जरूरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन

सत्तारूढ नेपाली कांग्रेसका तीन जना सांसदले वैदेशिक रोजगारीमा रहेका नेपालीको अवस्था सुधारका विषयमा छलफलका लागि जरूरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएका छन् । सांसद डिला संग्रौला पन्त प्रस्तावक तथा सांसदहरू प्रमिला राई र रामबहादुर बिष्ट समर्थक रहेको जरूरी सार्वजनिक महत्वको प्रस्ताव शुक्रबार संघीय संसद सचिवालयमा दर्ता भएको हो । सांसद संग्रौलाले नेपाली कांग्रेसको तत्कालीन छाया सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कामकारबाही हेर्ने जिम्मेवारी पाएकी थिइन् ।

कोरोना भाइरस (कोभिड-१९)का कारण वैदेशिक रोजगारका क्रममा ज्यान गुमाएका कामदारमा आश्रित परिवार, बाध्यतावश रोजगारी गुमाएर स्वदेश फर्कनेहरूको तथ्यांक र अवस्थाबारे छलफल गर्न अत्यन्त जरुरी रहेको उल्लेख गरिएको छ ।

प्रस्तावमा कोभिड १९ बाट सिर्जित समस्याले वैदेशिक रोजगारका क्रममा ज्यान गुमाएका वा अन्य कारणले रोजगारी गुमाएका बारे विस्तृत जानकारी पेश गर्न माग गरिएको छ ।

त्यसैगरी कोभिडका कारणले स्वदेशमा रोजगारी गुमाएका र विदेशबाट फर्केकाहरुलाई तालिम तथा सीपको दक्षताको प्राथमिकताका आधारमा रोजगारी र सहुलियतयुक्त ऋण र बजार समेत सुनिश्चित गर्नुपर्ने समेत प्रस्तावमा उल्लेख गरिएको छ ।

प्रस्तावमा वैदेशिक रोजगार असुरक्षित देखिएको भन्दै त्यसलाई सुरक्षित बनाउने, नेपाली कामदार जाने मुलुकसँग भएका श्रम सम्झौता तथा समझदारीको अनुगमन र श्रम सम्झौता बारे पनि छलफल हुनुपर्ने माग गरिएको छ ।

प्रतिनिधिसभा नियमावलीमा जरूरी सार्वजनिक महत्वको प्रस्तावको विषय सभामुखले जरूरी सार्वजनिक महत्वको ठहऱ्याएमा उक्त प्रस्तावलाई छलफलका लागि स्वीकृति दिने र स्वीकृत प्रस्तावमाथि सम्बन्धित मन्त्रीसँग परामर्श गरी छलफलको दिन र समय तोक्ने र प्रस्तावमाथि बढीमा दुई घण्टा छलफल हुने व्यवस्था छ ।

यसअघि पनि सांसद संग्रौलाले तत्कालीन मन्त्री गोकर्ण विष्टको कार्यकालमा वैदेशिक रोजगारलाई सुरक्षित गर्ने विषयमा जरुरी महत्वको प्रस्ताव दर्ता गराएकी थिइन् । तर उक्त प्रस्तावमा छलफल नहुँदै संसद अधिवेशन अन्त्य भएको थियो ।

वैदेशिक रोजगार व्यवसायीले सेवा सुल्क परिमार्जन हुनुपर्ने माग विगत आधा दशकदेखि उठाउँदै आएका छन् । तर संसदमा त्यस विषयमा गम्भीरताका साथ छलफल हुन सकेको छैन ।

## वैदेशिक रोजगार विशेष

# मलेसियामा नेपाली कामदारद्वारा आत्महत्या

**काठमाडौं/मस-** मलेसियामा वैदेशिक रोजगारीमा रहेका एक नेपाली कामदारले आत्महत्या गरेका छन्। अवैधानिक हैसियतमा रहेका ३५ वर्षीय दिपक चौधरीले मलेसियाको सेवराङ्गजायामा आफू बस्ने भवनको १३ औं तल्लाबाट हामफालेर आत्महत्या गरेको बताइएको छ।

चौधरी त्यहाँ सुरक्षागार्डको रुपमा काम गर्दै आएका थिए। उनको नेपाली ठेगान खुल्न बाँकी रहेको मलेसियास्थित नेपाली दूतावासले जनाएको छ। शव पोस्टमार्टमका लागि अस्पतालमा राखिएको पनि दूतावासले बताएको छ।

**विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।**

मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन
प्रकाशनका लागि नयाँ इमेल:
ad.madhyanha@gmail.com मा
पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298, 4226366
मो. नं.: 9841885670

**मध्यान्ह**
राष्ट्रिय दैनिक

- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिर्वतन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

# शिक्षक दरबन्दी मिलान ऐतिहासिकः एमाले कञ्चनपुर



**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २२ साउन

नेकपा(एमाले) कञ्चनपुरले भीमदत्त नगरपालिकाको शिक्षक दरबन्दी मिलानलाई राजनीतिकरण नगरी छलफल कार्यान्वयनमा सहयोग गर्न आग्रह गरेको छ। एमाले जिल्ला कमिटीको विस्तारित बैठकले शिक्षक दरबन्दी मिलानमा समस्या देखिए छलफल हल खोज्न र कार्यान्वयनमा सहयोगका लागि आग्रह गर्ने निर्णय गरेको छ।

बैठकले भीमदत्त नगरपालिकाको शिक्षक दरबन्दी मिलान कार्य शिक्षा क्षेत्रका लागि महत्वपूर्ण र ऐतिहासिक भएको ठहर गरेको छ। 'भीमदत्त नगरपालिकाले विद्यमान ऐन कानुनको अधिनमा रही गरेको शिक्षक दरबन्दी मिलान पश्चात नेपाली कांग्रेसको भातृ संगठन नेपाल शिक्षक संघको नामबाट भइरहेको विरोधप्रति नेकपा (एमाले) को गम्भीर ध्यानाकर्षण भएको छ' बैठकपछि सार्वजनिक प्रेस विज्ञप्तिमा भनिएको छ, 'माध्यमिक तह सम्मका विद्यालयहरु स्थानीय तह मातहत आएपछि बर्तमान ऐन कानुन अनुसार लामो छलफल र गृहकार्य पछि गरिएको दरबन्दी मिलान कार्य भीमदत्त नगरपालिका भित्रको शिक्षा क्षेत्रका लागि महत्वपूर्ण र ऐतिहासिक कार्य भएको ठहर गर्दै यसलाई राजनीतीकरण नगरी कहिँकतै समस्या देखिए थप छलफलबाटै समाधान निकाल्न र कार्यान्वयनमा सहयोग गर्न सम्बन्धित पक्षसँग आग्रह गर्ने निर्णय गरिएको छ।'

नेपाली कांग्रेस सम्बद्ध शिक्षक संगठनले प्रक्रिया मिचेर दरबन्दी मिलान गरिएको भन्दै भीमदत्त नगरपालिकामा अनिश्चितकालिन धर्नामा बसेको छ।

संघले शिक्षक दरबन्दी मिलान खारेज गर्न पर्ने माग अघि सारेको छ।

शिक्षक संघको धर्नामा कांग्रेस नेता एनपी साउँद लगायतका सहभागी भएका छन्। पूर्वमन्त्री साउँद धर्नामा आफैँ सहभागी भएपछि शिक्षक दरबन्दी मिलानमा राजनीतिकरण गरिएको एमाले नेताहरुले आशंका गरेका छन्।

एमाले बैठकले भारतीय सीमा सुरक्षा बलद्धारा तुईन काटेपछि जय सिंह धामी महाकाली नदिमा बेपत्ता भएको घटना प्रति दुःख व्यक्त संलग्नलाई कानूनी दायरामा ल्याउन समेत माग गरेको छ।

## दार्चुला डायरी

गणेश सिंह धामी/मध्यान्ह

### दार्चुला घटना

### गृहको टोलीले भेट्यो धामिका परिवारलाई, परिवारले माग्यो न्याय



दार्चुला मालघाट घटनाको अनुसन्धान गर्न गठित गृहमन्त्रालयको छानबिन टोली बेपत्ता जय सिंह धामीको घरमा पुगेर फर्किएको छ। धामि साउन १५ गते महाकाली नदिमा तुइन तर्ने क्रममा खसेर बेपत्ता भएका थिए। गृहमन्त्रालयबाट आएको जनार्दन गौतम संयोजक रहेको छानबिन टोलीले ब्याँस गाउँपालिका २ का जय सिंह धामीको घरमा पुगेर फर्किएको हो।

धामी खसेको घटनास्थल मलघट्टे अनुगमनमा गएको टोलीले पीडित परिवारलाई भेटेर घटनाबारे छलफल गरेको गृह मन्त्रालयका सहसचिव एवं समितिका संयोजक जर्नादन गौतमले मध्यान्हलाई जानकारी दिए। शुक्रबार बिहान नेपाली सेनाको हेलिकप्टरमार्फत घटनास्थल गएको टोलीले घटनास्थल अनुगमन गर्नुका साथै धामीको परिवार र छिमेकीलाई घटनाका बारेमा सोधपुछ गरेको उनको भनाइ छ। घटना हुने बित्तिकै घटना स्थलमा खटिएका सुरक्षाकर्मी तथा स्थानीयलाई समेत घटनाको बारेमा सोधपुछ गरी सूचना संकलन गरेको उनको भनाइ छ। पीडित परिवारसँगको भेटमा घटनाको पारदर्शी किसिमले छानबिन गरी सत्यतथ्य बाहिर ल्याउने टोलीले प्रतिबद्धता व्यक्त गरेको संयोजक गौतमले बताए। पीडित परिवारले टोलीसँग न्यायको माग गर्नुका साथै राहतको समेत माग राखेको उनको भनाइ छ।

साथै स्थानीयले नेपालबाट बाटो नभएका कारण उक्त घटना भएको भन्दै बाटो निर्माणको समेत माग राखेका छन्। घटनासँग सम्बन्धित सूचनाहरु अझैँ संकलन गर्ने क्रम जारी रहेको भन्दै उनले सबै सूचना संकलन गरी सकेपछि मात्रै काठमाडौं फर्किने बताए। गृहमन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजकत्वमा गठित छानबिन टोलीमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक पुरुषोत्तम कँडेल, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुरेश कुमार श्रेष्ठ र जिल्ला प्रशासन कार्यालय दार्चुलाकी सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्ट छिन्।

## क्यास नेपालले राष्ट्रियस्तरको युवा भिजन प्रतियोगिता आयोजना गर्दै

क्यास नेपालले राष्ट्रियस्तरको युवा भिजन प्रतियोगिता -२०२१ आयोजना गर्ने भएको छ। 'राष्ट्रिय स्तर युवा भिजन प्रतियोगिता' स्वदेशमा रहेका उर्जाशील युवाको देश प्रतिको माया र प्रतिभालाई उजागर र प्रोत्साहन गर्ने उदेश्यले नवीन रचनात्मक कलालाई पुरस्कृत गर्ने, उधमी विचारलाई लगानी गर्ने, राम्रो सोच विचार भएका युवाहरुको लागि प्रतियोगितामार्फत सुवर्ण अवसर प्रदान गर्ने क्यास नेपालका संस्थापक युवा वैज्ञानिक वसन्त शाहीले मध्यान्हलाई बताए।

भिजन लेखनका लागि ५ वटा शीर्षकहरु दिइएको छ। विज्ञान तथा प्रविधिको नयाँ आविष्कार अन्वेषण, गणित ,कम्प्युटर, हार्डवेयर तथा सफ्टवेयर सम्बन्धि नयाँ भिजन, कृषि पद्धति, वन तथा वन्यजन्तु संरक्षण, वातावरण सम्बन्धि नविन भिजन, साहित्य सम्बन्धि पृथक भिजन, इन्जिनियरिङ्ग र नयाँ उपकरण सम्बन्धि अन्वेषण, अर्थतन्त्र, नीति निर्माण, शिक्षा, स्वास्थ्य,सूचना तथा सञ्चार सम्बन्धि पृथक भिजन लगायत अन्य शिर्षक पनि समावेश गर्न मिल्ने बताइएको छ।

भिजन लेखनमा इच्छुक सहभागीले कुन विषयमा आफ्नो भिजन लेख्ने हो उक्त विषयको शिर्षक प्रष्ट लेख्नुपर्ने तथा लाभ हानी र भिजनबाट कस्ता उमेर र वर्गका व्यक्तिहरू प्रत्यक्ष लाभान्वित हुन्छन् वा नोक्सान हुन्छ प्रष्ट उल्लेख गरिनुपर्ने आयोजकले जानकारी दिएको छ।

## आयुर्वेद चिकित्साले कोरोनाको निको हुन्छ भन्नु भ्रामक : डा.उपाध्याय



**दिवस ढकाल/मध्यान्ह**
काठमाडौं २२ साउन

आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले आयुर्वेद चिकित्सा पद्धतिले कोरोना भाइरस कोभिड-१९ संक्रमणको उपचार हुन्छ भन्नु भ्रामक कुरामा नलाग्न आग्रह गरेको छ। विभागका महानिर्देशक डा.वासुदेव उपाध्यायले कोरोना महामारीको उपचारका लागि आयुर्वेद राम्रो विकल्प रहेको र मानिसहरु कोरोना संक्रमणपछि निको हुने गलत र भ्रामक कुरामा नलाग्न आग्रह गरेका हुन्। डा.उपाध्यायले आयुर्वेद चिकित्साले कोरोनाको शतप्रतिशत उपचार सम्भव भएको भन्दै केही व्यक्तिहरूले आयुर्वेद चिकित्साको बदनाम गरिरहेको बताए। आयुर्वेद औषधिले मानव शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउने भएतापनि रोगको उपचार नै हुन्छ भन्नु गलत भएको डा.उपाध्यायले टिप्पणी गरे।

'आयुर्वेद औषधिले कोरोनाको शत प्रतिशत उपचार गर्छ भन्नु गलत हो' उनले भने। आयुर्वेद चिकित्साले नेपालमा कोरोना भाइरस कोभिड-१९ संक्रमणको उपचार तथा नियन्त्रणमा केही हदसम्म भने सफलता प्राप्त गरेको छ।

## नेपालगन्जमा रक्तदान कार्यक्रम सम्पन्न, ३५ जनाले गरे रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २२ साउन

नेपाल विद्युत प्राधिकरणको ३६ औं वार्षिकोत्सवको अवसरमा बाँकेको नेपालगन्जमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नेपालगन्ज उप-महानगरपालिका वडा नं.४ बसपार्कमा रहेको नेपाल विद्युत प्राधिकरण लुम्बिनी प्रदेश डिभिजन कार्यालय नेपालगन्जले आयोजना गरेको रक्तदान कार्यक्रमा ३५ जनाले रक्तदान गरेका छन्।

वार्षिकोत्सवको अवसरमा नेपालगन्जका प्रमुख सुरज गौतमले प्रादेशिक रक्त सेवा केन्द्रका प्राविधिकलाई रगत संकलन गर्ने पाकेट हस्तान्तरण गर्नुका साथै रगत दिएर कार्यक्रमको उद्घाटन गरेका थिए। 'रक्तदान जीवनदान' मूल




नाराका साथ आयोजना भएको कार्यक्रममा नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र नेपालगन्जका प्रमुख लखन लला मल्लिक, राजु सिरिस, गोपाल प्रसाद ओझा, ज्ञान बहादुर, राजेश कुमार धावन, सन्तोष रावल, बिष्णु बाल्मिकी, सन्तराम थारु, भाईराजा श्रीवास्तव, अमित कुमार कर्ण, भरत बहादुर खत्री, लखन लला मल्लिक, त्रिलोक धिताल, कोहलपुर वितरण केन्द्रका प्रमुख रुमेश रुपाखत्री, शशीकान्त तिवारी, सुदिप गौतम, शम्भु प्रसाद मण्डल, बिष्णु केसी, बोध श्रेष्ठ, प्रमोद कुमार कुर्मी, मिन्तीराम यादव, नेपाल बिद्युत प्राधीकरण वितरण केन्द्र नेपालगन्ज लेखा शाखाकी रजनी भट्टराई, रेशम कुमार थापा, राम कुमार मगर, तेज चौधरी, राम चरन चौधरी, मनोज सुनार, राम चरन थारु, अनिल सिरपाली, बिक्रम रावल, नहकुल सिंह पाण्डे, अर्जुन पासी, भरत कुमार डाँगी, टेकबहादुर, कौशल ओली लगायत ३५ जनाले रक्तदान गरेका छन्।

सो रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, सुनिल थापा मगर, बीरेन्द्र योगीले प्राविधिकमा सहयोग गरेका थिए।

वार्षिकोत्सवको अवसरमा साउन २१ गते महेन्द्र रंगशाला नेपालगन्जमा ब्याडमिन्टल प्रतियोगिता आयोजना गरिएको थियो। यस्तै भदौ १ गते वार्षिकोत्सवको अवसरमा विशेष समारोह हुने प्राधिकरणले जनाएको छ।

## रौतहटमा मानव अधिकार अनुगमन समिति गठन, संयोजकमा झा

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २२ साउन

रौतहटमा मानव अधिकार अनुगमन समिति गठन गरिएको छ। जिल्लामा पछिल्लो समय मानव अधिकार उल्लंघनका घटना बढेको र दोषी उन्मुक्ति पाउन थालेपछि त्यसलाई रोकथाम तथा नियन्त्रणका लागि ७ सदस्यीय जिल्ला स्तरीय मानव अधिकार अनुगमन समिति गठन गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि अर्थात् मानव अधिकार अधिकृत मनमाया राणाको विशेष उपस्थितीमा नेपाल पत्रकार महासंघ रौतहट शाखाको कार्यालय गौरमा शुक्रबार बसेको बैठकले उक्त समिति गठन गर्ने तथा पदाधिकारी चयन गर्ने निर्णय गरेको हो।

बैठकबाट समितिको संयोजकमा नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झालाई चयन गरिएको छ।

अध्यक्ष झाको संयोजकत्वमा गठित मानव अधिकार अनुगमन समितिको सदस्यहरुमा नेपाल वार एसोसियसनका जिल्ला अध्यक्ष राजाराम यादव, गैर सरकारी संस्था महासंघका अध्यक्ष रामपुकार यादव लगाएतलाई सर्वसहमतिले चयन गरिएको छ।

जिल्लामा केही दिनयता घरेलु हिंसा, बलात्कार, यौन दुर्व्यवहार, बालविवाह, गालीगलौज, कुटपिट लगायतका घटनामा वृद्धि भएको छ। यस्ता घटनाका दोषी कारबाहीको भागिदार हुनुपर्नेको सट्टा उन्मुक्ति पाउने गरेको र पीडितले न्याय नपाउने प्रवृति बढेको छ।

## ठाकुर ...

विवाद बढेर जाँदा जसपा विभाजित भएको थियो। अध्यक्ष उपेन्द्र यादव समूहले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको प्रतिनिधिसभा विघटन गर्ने निर्णयको विरोध जनाएको थिए। संसद् पुनर्स्थापनाको पक्षमा सडक संघर्षमै उत्रिएको थियो। तर ५ पुस र ७ जेठमा ओलीले गरेको प्रतिनिधिसभा विघटनको समर्थनमा भने ठाकुर पक्ष उभिएको थियो।

ठाकुर पक्षले साथ दिएकै कारण ओलीले दोस्रो पटक पनि संसद् विघटन गर्ने विकल्प पाएका थिए। तर सर्वोच्च अदालतबाट ओलीले विघटन गरेको संसद् २८ असारमा पुनर्स्थापना गर्दै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दियो। तर, त्यसअघि नै जसपा विभाजित भइसकेको थियो। निर्वाचन आयोगले भने जसपाको वैधानिकता यादवलाई दिएको छ।

कार्यकारिणी समितिको बहुमतको आधारमा आयोगले यादवलाई जसपाको वैधानिकता दिएको छ। अहिले यादव समूह सरकारमा सहभागी हुने तरखरमा छ। तर ठाकुर समूहले भने ठूलो धक्का बेहोरेको छ। पार्टीको वैधानिकता गुमाएको छ। उपेन्द्र यादवसँग एकता गर्नुअघिको सांसद संख्या गुमाएका छन् भने ठाकुर सहित नेताहरुको सांसद पद नै धरापमा छ। अर्थात् पार्टी संरचना, पद र नेताहरु समेत गुमाएका छन्।

यसअघि ओलीलाई समर्थन गर्दै सरकारमा भएपनि मन्त्री पद गुमाएका थिए। संसद् भंग गर्दै राजेन्द्र महतोको नेतृत्वमा ११ जना सरकारमा भाग लिएका थिए। तर ८ असारमै ती सबै मन्त्रीलाई पदमुक्त गरिदियो। अर्थात् जुन प्रलोभनमा सरकारमा सहभागी भएका थिए, ती पद पनि गुमाए। अहिले लगभग सबै कुरा गुमाइसकेको ठाकुर जसपाकै नाममा समानान्तर गतिविधि शुरु गरेका छन्।


**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **KL Employment Service Pvt. Ltd.** श्रम इजाजत पत्र नं. **(इ.प.नं. ७०१/०६३/०६४** मा **Labor Department Representative** पदमा कार्यरत शनिश्चरे वडा नं. ५ झापा स्थायी घर भएको **मनोज सापकोटा** लाई मिति २०७८/०४/२३ देखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं
फोन : ४४६४११३, ४४९३१८०, फ्याक्सः ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७४/०४/०९ मा दर्ता भएको प्रा.लि. नं. १७१५४१ को **आयुष लिक्वेर स्टोर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०४/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**Air-Conditioner को अधिकतम बिक्री मुल्य MRP सम्बन्धि सूचना**

यस प्रा. लि. Sherpa and company Pvt. Ltd. बाट पैठारी गरेको Washing Machine को अधिकतम बिक्री मुल्य निम्न बमोजिम भएको ब्होरा सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| S.N | Brand | PRODUCT | Description | MRP (NRS) |
|---|---|---|---|---|
| 1 | Distar | Air-conditioner DHA-2021-1TWB | DHA-2021-1TWB | 49361.93 |
| 2 | Distar | Air-conditioner DHA-2021-1.5TWB | DHA-2021-1.5TWB | 63322.75 |

**बिक्रेता फर्मको नाम : शेर्पा एड कम्पनी प्रा. लि.**
**ठेगाना : बसुन्धारा काठमाडौं, नेपाल।**
**स्थाइ लेखा नं. ३००१८५३३९**



**कतारमा रोजगारी**

**Company: Al Waasi Trading and Contracting**

पुर्व स्वीकृती मितिः 2021/08/04 | चलानी नंः 60161055 | LT: 243215

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER | 2 | स. काममा दक्ष | 1000 | ३२,६२० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

**Company: Shatebah Trading and Contracting**

पुर्व स्वीकृती मितिः 2021/08/06 | चलानी नंः 60161156 | LT: 243612

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER | 1 | स. काममा दक्ष | 1500 | ४८,९३१ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| 2 | BUILDING WORKER | 3 | स. काममा दक्ष | 1000 | ३२,६२० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जिवन बिमा खर्च व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्यानकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले तिर्ने | रु १५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तरवार्ता मेनपावर कार्यालय, काठमाण्डौमा श्रावण २९ गते (13th August) हुदैछ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला। २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानु अघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसाग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रबंद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**आरोहन ह्युमन रीसोर्स प्रा. लि.**
पिङ्गलास्थान, गौशला, काठमाण्डौं, फोनः ०१-४४६५६०६
Govt. Lic. No. 1428/074/075

### कोभिड तेस्रो लहरको सामनाका लागि तयारीमा रहन गृहमन्त्रीको निर्देशन

# मृत्यु हुनेको संख्या १० हजार नाघे, झण्डै ३५ हजार सक्रिय संक्रमित



**काठमाडौं/मस–** गृहमन्त्री बालकृष्ण खाँणले कोभिड-१९ को संक्रमण बढ्दो क्रममा रहेकाले त्यसको सामनाका लागि आवश्यक तयारीमा रहन विभिन्न मन्त्रालयका सचिव तथा मातहतका अधिकारीलाई निर्देशन दिएका छन् । गृहमन्त्रालयमा गृहसचिव, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन सचिव, संघीय मामिला तथा सामान्य प्रशासन सचिव, स्वास्थ्य तथा जनसंख्या सचिवलगायत गृहमातहतका निकायका अधिकारीसँगको छलफलमा उनले चुनौतीपूर्ण अवस्था आउनसक्नेतर्फ सचेत भएर काम अघि बढाउन निर्देशन दिएका हुन् ।

'अघिल्लो लहरको कोरोनामा अस्पतालहरुमा बेड थिएन, औषधि थिएन, पूर्वतयारी थिएन यदि अर्को लहर आयो भने अस्पतालको बार्दलीमा पनि स्थान हुँदैन, त्यसैले समय हुँदा नै सबै निकाय पूर्वतयारीमा रहनुपर्छ' उनले भने । गृहमन्त्री खाँणको अध्यक्षतामा बसेको उक्त बैठकमा काठमाडौं, ललितपुर र भक्तपुरका प्रजिअ, नेपाल प्रहरी र सशस्त्र प्रहरीबलका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, एमसीसी कार्यकारी प्रमुख, अध्यागमन विभाग महानिर्देशकसमेतको सहभागिता थियो । बैठकमा मन्त्री खाँणले मास्कको प्रयोग पर्याप्त नभएकोले त्यसको प्रयोग बढाउनेतर्फ नागरिकलाई सचेत बनाउन पनि आग्रह गरे । 'भयावह अवस्था आउँदा स्थिति नाजुक हुन्छ, सबैलाई गम्भीर हुन मेरो आग्रह छ, मास्कमा भरोसा रहेकाले उपयोगमा जोड दिनुपर्छ' उनले भने ।

उनले मातहतकाका निकायले गम्भीरतापूर्वक काम नगरेकोमा असन्तुष्टि व्यक्त गरेका छन् । उनले क्वारेन्टिन होटलमा विदेशबाट आएका मानिसको नाममा बुकिङ भए पनि हेर्न जाँदा मान्छे नभएको जानकारीमा आएको बताउँदै वैदशिक रोजगारबाट आएका नागरिकबाट बढी जोखिम हुने पनि बताए । विदेशबाट आउने नागरिकका लागि सबै नाकामा पिसिआर परीक्षण गर्न निर्देशन दिँदै त्यसका लागि गुणस्तरीय सामग्रीको व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्ने उनले बताए ।

**बढ्दो कोरोना संक्रमित**

नेपालमा शुक्रबार एकैदिन तीन हजार ७२९ जनामा कोभिड-१९ पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार १५ हजार ६७५ मा गरिएको परीक्षणमा तीन हजार ७२९ मा संक्रमण देखिएको पुष्टि भएको हो । शुक्रबार थपिएका संक्रमितसँगै संख्या सात लाख ७७ हजार ५८९ पुगेको छ । सक्रिय संक्रमित ३४ हजार ९४२ जना रहेका छन् ।

## छ्वालीको भुत बनाउँदै मनाइयो घंटाकर्ण



**काठमाडौं/मस–** भक्तपुर र काठमाडौंका नेवार समुदायले श्रावण कृष्ण चतुर्दशीका दिन गठेमंगल पर्व मनाएका छन् । गठेमंगललाई घण्टाकर्ण पर्व पनि भनिन्छ ।

शुक्रबार भक्तपुर र काठमाडौंकौं विभिन्न टोल टोलमा युवाहरु जम्मा भई साँझ आगो बालेर भूत भगाउने गर्छन् । पुतलाका रुपमा बनाइएको घण्टाकर्ण राक्षसको मुखमा आगो लगाएर घिसार्दै खोला किनारमा पुऱ्याएर त्यसको अन्त्येष्टि गर्ने परम्परा रहेको छ ।

किंवदन्ती अनुसार प्राचीन समयमा नेपालमण्डलमा गठेमंगल नाम गरेको एउटा दानव थियो । त्यसलाई सत्य निष्ठा तथा समाजको हितमा काम गर्ने सर्वसाधारण मानिस मन पर्दैनथ्यो । उसले सत्य वचन सुन्नुपर्ला भनेर सँधै कानमा घण्टी झुन्ड्याएर हिँड्ने गर्थ्यो । मानिसहरु शब्दहरु अपभ्रंस पारी घण्टाकर्ण भन्न थालियो । त्यसले दोबाटोमा ढुकेर बटुवासँग पैसा उठाउने र मन लागेको खानेकुरा खाने गर्थ्यो । उसको गतिविधिबाट सर्वसाधारण मानिस आतंकित थिए । एकदिन घण्टाकर्ण मऱ्यो, ऊ मरेपछि खुसियाली मनाउने क्रममा यो पर्व मनाउने चलन रही आएको छ । योसँगै फलामको औँठीहरु पनि लगाउने चलन छ यो लगाउँदा भुत नलाग्ने जनविश्वास छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७५/१०/२९ मा दर्ता भएको प्रा.लि. नं. २०८६३६ को **ग्रोथ एजुकेशन हब प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०४/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.को सार्वजनिक सूचना**

**ठेगाना परिवर्तन भएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.** (ई.प.नं. ६७८/०६३/०६४) ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा, धुम्बाराही, वडा नं. ४** बाट **काठमाडौं जिल्ला, का.म.न.पा, सुकेधारा, वडा नं. ४ (हिमाल डेन्टल हस्पिटल अगाडि)** सरेको हुनाले उक्त प्रा.लि.को ठेगाना परिवर्तन भएको यसै सूचनाद्वारा जानकारी गराईन्छ । यस प्रा.लि.को ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा तल दिइएको नम्बरमा सम्पर्क गर्नुहोला ।

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
सुकेधारा, वडा नं. ४ ( हिमाल डेन्टल हस्पिटल अगाडि ) काठमाडौं
फोन : ४५२७०६५ । मोबाईल : ९८५१०७१७२४, ९८१५३७९९२१
Email : info@sesnepal.com | Website. www.sesnepal.com
श्रम इजाजत नं.: ६७८/०६३/०६४



**कतारमा रोजगार** | कम्पनी: AL ZAEEM PROJECTS AND DEVELOPMENT CO.
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०१/०३ चलानी नं.: ६०१५७४६२ L.T. No.: 239155 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitter | 1 | 0 | | 1200 | ३९,०१२ | | | | | | | |
| 3. | Electrician | 1 | 0 | | 1200 | ३९,०१२ | | | | | | | |
| 4. | Labourer | 1 | 0 | | 1000 | ३९,०१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३० गते (14 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**LEADER OVERSEAS PVT. LTD.**
Samakhushi-26, Kathmandu, Nepal, Tel: +977- 1- 4350391
Email: leaderoverseas2018@gmail.com
Gov. Lic No. 1408/074/075



**कतारमा रोजगारको अवसर** | कम्पनी: AL WAJIBA FOR MILK & JUICE FACTORY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४/२२ चलानी नं.: ६०१६११६० L.T. No.: 243318

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician general | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,७६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1000 | ३२,५१० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1400 | ४५,००० | | | | | | | |
| 4. | Salesman | 2 | 0 | | 1300 | ४२,२६३ | | | | | | | |
| 5. | Gen Clean Worker | 3 | 0 | | 1000 | ३२,५१० | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 2 | 0 | | 1900 | ६१,७६९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३० र ३१ गते (14 & 15 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
बसुन्धारा-०३ काठमाडौं, फोनः ४३६११११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०



**साउदीमा रोजगारको अवसर** | कम्पनी : HATARA COMPANY LIMITED
शहर: JAZAN

पूर्व स्वीकृत मितिः २०७८/०३/१७ चलानी नं.: ६०१५९५३३ L.T. No.: 241687 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Black Smith | 1 | 0 | | 1200 | ३७,८७२ | | | | | | | |
| 3. | General Electrician | 2 | 0 | | 1200 | ३७,८७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३० गते (14 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**GURKHA EMPLOYMENT PVT. LTD.**
Tokha- 14, Samakhushi, Kathmandu, Nepal, Tel: 4383267
Mob.: 9841039034, Email: info@gurkhaemployment.com
श्रम इजाजत नं. १४३/०५६/०५७



**साउदीमा रोजगार** | कम्पनी: TRANSPORTATION OF SALMAN ABDULLAH AL ATALLAH
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०१/०७ चलानी नं.: ६०१६११५२ LT. No.:239514

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ५७,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३० गते (14 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Success Nepal Worldwide Overseas Pvt. Ltd.**
Milanchok-31, Newbaneshwor, Kathmandu, Tel: 01-4109679
E-mail : success@successnepalworlwide.com, successworldwidehr@gmail.com
Web.: successnepalworldwide.com
Gov. Lic No. 1293/074/075



**साउदीमा रोजगारको अवसर** | कम्पनी : INFINAIR ARABIA TRADING CO
शहर: Dammam

पुर्व स्वीकृत मितिः २०७८/०४/२२ चलानी नं.: ६०१६११६३ LT. No.: 243459

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Plumber | 3 | 0 | स. काममा दक्ष | 1300 | ४१,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३० गते (14 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Luna HR Solutions Pvt. Ltd.**
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com
Govt. Lic. No. 799/065/066



**साउदीमा रोजगार** | १. कम्पनी: NAWAF SALEH AL BATTI TRADING EST
शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७८/04/२२ चलानी नं.: ६०१६११७३ LT. No.: 243373

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All Vehicles Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५६,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DAAEM ALMTWARAH CO शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७८/04/२२ चलानी नं.: ६०१६११७४ LT. No.: 242121

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
